# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, भदौ १८ गते, २०७९ साल (अतिरिक्ताङ्क ३६(अ)

## भाग ५

## निर्वाचन आयोगको

### सूचना

निर्वाचन आयोगले मतदाता नामावली ऐन, २०७३ को दफा १३, १४, १५, १६, १७ र १८ बमोजिम मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम तयार गरी खण्ड ७२, सङ्ख्या २८, मिति २०७९।४।३० को नेपाल राजपत्र भाग ५ मा सूचना प्रकाशन भएकोमा काठमाडौं जिल्लाको हकमा सो कार्यक्रमको क्र.सं. ७, ८, ९, १०, ११, १२, र १३ मा संशोधन गरी देहायका क्र.सं. ७, ८, ९, १०, ११, १२, र १३ राख्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७९/०५/१३ देखि निरन्तर | २०७९/०५/२० (१३:०० बजेसम्म) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क्र.सं. ५ बमोजिम प्राप्त सूचना र क्र.सं. ६बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको हकमा आवश्यक छानबिन गरी त्यस्तो मतदाताको नाम मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम प्रमुख नाम दर्ता अधिकारीले मतदाता नामावलीबाट हटाउने निर्णय गर्ने | २०७९/०५/१३ देखि निरन्तर | २०७९/०५/२० (१८:०० बजेसम्म) | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन | २०७९/०५/१६ देखि निरन्तर | २०७९/०५/२० (१८:०० बजेसम्म) | | प्रमुख नाम दर्ता अधिकारी |



मुद्रण विभाग, सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| | आएमा मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट हटाउने | | | | |
| १० | क्र.सं. ३ बमोजिम परेको उजुरी र क्र.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने | २०७९/०५/१७ देखि निरन्तर | २०७९/०५/२१ (१०:०० बजेसम्म) | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | क्र.सं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७९/०५/१८ देखि निरन्तर | २०७९/०५/२१ (१२:०० बजेसम्म) | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क्र.स. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको र क्र.सं. ११ बमोजिम त्रुटि सच्याइएको सूचना मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम प्रकाशन गर्ने | २०७९/०५/१८ देखि निरन्तर | २०७९/०५/२१ (१३:०० बजेसम्म) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | क्र.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भएमा मतदाता नामावली ऐन, २०७३ को दफा १७ बमोजिम दोहोरो नाम हटाउने प्रयोजनको लागि सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७९/०५/१९ देखि निरन्तर | २०७९/०५/२१ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

आज्ञाले,
गोकर्णमणि दुवाडी
सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार